# नेपालमा सरकार गठन प्रक्रिया: संवैधानिक र कानुनी व्यवस्था

**अधिवक्ता टेकनाथ सापकोटा***

**२०८२ फागुन २५ गते सोमबार**



नेपालमा संवैधानिक तथा कानुनी प्रक्रियाबाट संघीय सरकार गठन र सञ्चालन हुन्छ । प्रतिनिधि सभा सदस्यको निर्वाचन सम्पन्न भएपछि सरकार गठनका लागि केही निश्चित चरणहरू पूरा गर्नुपर्ने व्यवस्था संविधान र कानूनमा गरिएको छ । सरकार गठन सम्बन्धी प्रक्रियाको सुरुवात निर्वाचन परिणामको अन्तिम प्रकाशनबाट शुरू हुन्छ ।

सबैभन्दा पहिले, निर्वाचन सम्पन्न भएपछि निर्वाचन आयोगले निर्वाचनको अन्तिम परिणाम औपचारिक रूपमा प्रकाशन गर्नुपर्छ । निर्वाचन आयोगले परिणाम प्रकाशन गरेपछि मात्र संसद गठन र सरकार निर्माणको प्रक्रिया औपचारिक रूपमा अगाडि बढ्न सक्छ । यसले निर्वाचनको वैधानिकता सुनिश्चित गर्नुका साथै संसदमा प्रतिनिधित्व गर्ने दलहरूको स्पष्ट अवस्था निर्धारण गर्दछ ।

नेपालमा राजनीतिक दलहरूको संसदीय गतिविधि सञ्चालन गर्न संसदीय दल गठन गर्नु आवश्यक हुन्छ संघीय संसदको निर्वाचनमा कम्तीमा दुई स्थानमा निर्वाचित भई प्रतिनिधित्व गर्ने दलले संघीय संसदीय दल गठन गर्न सक्ने व्यवस्था गरिएको छ ।[1] यस प्रावधानअनुसार प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ बाट निर्वाचित भएका प्रत्येक योग्य राजनीतिक दलले संसदीय दल गठन गर्नु पर्ने हुन्छ ।

संसदीय दल गठन भएपछि सम्बन्धित दलबाट निर्वाचित भई संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक व्यक्ति स्वतः उक्त संसदीय दलको सदस्य हुने व्यवस्था छ ।[2] अर्थात्, कुनै पनि दलबाट निर्वाचित सांसदहरू सोही दलको संसदीय दलका सदस्यका रूपमा स्वतः आबद्ध हुन्छन् । यसले संसदभित्र दलगत संरचना व्यवस्थित गर्न सहयोग पुऱ्याउँछ ।

संसदीय दल गठन गरेपछि केही आवश्यक विवरण संसद सचिवालयमा बुझाउनु पर्ने हुन्छ । यस अन्तर्गत सम्बन्धित दलको नाम, केन्द्रीय कार्यालयको विवरण, दलको विधानको एक प्रति, यदि नियमावली छ भने त्यसको प्रति, संसदीय दलको छुट्टै विधान भए त्यसको प्रति, साथै निर्वाचित जनप्रतिनिधिहरूको सङ्ख्या र नाम संसद सचिवालयमा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।[3] यी विवरणहरू संसद सचिवालयमा दर्ता भएपछि संसदीय दल औपचारिक रूपमा मान्यता प्राप्त हुन्छ ।

संसदीय दल गठन भएपछि सो दलले आफ्नो नेतृत्व पनि चयन गर्नुपर्छ । सम्बन्धित दलको निर्देशन अनुसार संसदीय दलका सदस्यहरूले आफूहरू मध्येबाट एक जना संसदीय दलको नेता निर्वाचित गर्ने व्यवस्था रहेको छ । संसदीय दलको

---

[1] राजनीतिक दल सम्बन्धी ऐन, २०७२ को दफा २४ को उपदफा (१)

[2] ऐ. उपदफा (२)

[3] ऐ. उपदफा (३)

नेता चयन गर्ने प्रक्रिया तथा त्यससँग सम्बन्धित अन्य विषयहरू सम्बन्धित राजनीतिक दलको विधानमा उल्लेख भए अनुसार सञ्चालन हुन्छन् ।[4]

नेपालको संविधानले सरकार गठनको स्पष्ट व्यवस्था गरेको छ । राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने प्रावधान रहेको छ। यसरी नियुक्त भएको प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुन्छ र त्यसैमार्फत सरकार सञ्चालन हुन्छ ।[5]

यसरी हेर्दा नेपालमा सरकार गठन प्रक्रिया निर्वाचन परिणामको अन्तिम घोषणा, संसदीय दल गठन, संसदीय दलको नेता चयन र अन्ततः प्रधानमन्त्री नियुक्ति हुँदै मन्त्रिपरिषद् गठनसम्मको क्रमिक चरणमा आधारित रहेको देखिन्छ। यी सबै प्रक्रिया संविधान र कानुनद्वारा निर्देशित भएकाले नेपालको लोकतान्त्रिक शासन प्रणालीमा पारदर्शिता, वैधानिकता र उत्तरदायित्व कायम गर्न महत्वपूर्ण भूमिका खेल्दछन् ।

* *लेखक सापकोटा कानूनमा एल एल एम र समाजशास्त्रमा एम ए गरी विगत २५ बर्ष देखि कानून, सुशासन, सामुदायिक विकासका क्षेत्रमा कार्यरत हुनुहुन्छ ।*

[4] राजनीतिक दल सम्बन्धी ऐन, २०७२ को दफा २५

[5] नेपालको संविधानको धारा ७६ को उपधारा (१)